# नगर परिषद्बाट पारित नीतिगत निर्णयहरु

## (आ.व. ०७२/०७३)

**निर्णय नं.१.**

यस दुल्लू नगरपालिकाका कार्यकारी अधिकृत श्री दीपेन्द्र बहादुर शाहीद्धारा प्रस्तुत अ.व.२०७२/०७३ को वार्षिक नीति कार्यक्रम तथा वजेट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२.**

गत नगरपरिषद् पश्चात नगरपालिका बोर्डले गरेका आय व्यय तथा खरीद सम्बन्धी निर्णय एवंम प्रशासनिक निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.**

यस नगर परिषद्वाट स्वीकृत नीति, कार्यक्रम तथा वजेटको मर्म र भावनामा फरक नपर्ने गरी तत्काल निर्णय लिई गर्नुपर्ने आर्थिक तथा प्रशासनिक कार्यको लागि नगरपालिका बोर्ड लाई अधिकार प्रत्यायोजन गर्न निर्णय गरीयो ।

**निर्णय नं.४.**

नगरपालिकाको वडा स्तरीय योजना तर्जुमा भेलाबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमलाई सम्बन्धित विषयगत कार्यालय, मन्त्रालय तथा विकास साझेदार निकायमा माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५.**

दुल्लू नगरपालिका क्षेत्र भित्र सरसफाई र फोहोरमैला व्यव्स्थापन गर्न नगर उद्योग वाणिज्य संघ र स्थानीय समुदायको सहभागीतामा " स्वच्छ नगर हाम्रो रहर" को नारा सहित 'शुन्य फोहोर' अवधारणा अनुसार फोहोर व्यवस्थापन कार्य अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं.६.**

नगरपालिकामा बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासन अनुरूप कार्य गर्न नगरपालिकाको लागि तोकिएका सूचकहरू क्रमशः पूरा गर्दै अघि बढ्ने निर्णय गरीयो ।

**निर्णय नं.७.**

घर/भवन निर्माण तथा नगर व्यवस्थापन गर्न नगरपालिकाको भवन निर्माण मापदण्ड तथा नक्सा पास कार्यविधि अनुमोदन गर्ने र यथाशिघ्र लागु गर्ने निर्णय गरीयो ।

**निर्णय नं.८.**

नगरपालिकाको विभिन्न कार्य सञ्चालन गर्न र व्यवस्थित बनाउन देहायका निर्देशिका, कार्यविधि तथा नियमावली अनुमोदन गरी लागु गर्ने निर्णय गरीयो ।

**तपसिल**

(क) फोहोरमैला व्यवस्थापन विनियम

(ख) कर्मचारी कल्याणकोष परिचालन निर्देशिका

(ग) मर्मत संम्भार विशेषकोष सञ्चालन कार्यविधि

(घ) टोल बिकास संस्था गठन तथा संचालन निर्देशिका २०७१

**निर्णय नं.९.**

नगरपालिकाको सिमा सम्बन्धी विवाद समाधान गर्न तथा सार्वजनिक जग्गा एवम् सडकको संरक्षण र लगत कट्टा गर्नका लागि श्री तिलकप्रसाद रिजालको संयोजकत्वमा ११ सदस्यीय सार्वजनिक जग्गा तथा सडक संरक्षण र लगत कट्टा सिफारिस समिति गठन गर्ने निर्णय गरियो (**अनुसूची** २)।

**निर्णय नं.१०.**

नगरपालिकाको शैक्षिक क्षेत्र व्यवस्थित गर्नका लागि देहायवमोजिमको नगर शिक्षा ससिति गठन गर्ने निर्णय गरीयो ।

## नगर शिक्षा समिति

| | | |
|---|---|---|
| १. | कार्यकारी अधिकृत श्री दीपेन्द्रबहादुर शाही | - अध्यक्ष |
| २. | वि.व्य.स.अ.श्री घनश्याम भण्डारी | - सदस्य |
| ३. | शिक्षाप्रेमी श्री तेजबहादुर खड्का | - सदस्य |
| ४. | विद्यालय निरीक्षक श्री तेजबहादुर थापा | - सदस्य |
| ५. | शिक्षाप्रेमी श्री लक्ष्मी खनाल | - सदस्य |
| ६. | प्र.अ. दुल्लू श्री केशबवहादुर भण्डारी | - सचिव |
| ७. | सदस्य प्रतिनिधि श्री जि.वि.स.दैलेख | |

**निर्णय नं.११.**

दुल्लू नगरपालिकालाई धुवाँरहित नगरपालिका घोषणा गर्नका लागि आवश्यक सहयोग गरिदिनहुन माथिल्लो कर्णाली जलविद्युत आयोजनाको निर्माण कम्पनी जि.एम.आर. लगायत अन्य सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२.**

खुला दिशामूक्त घोषणा भइसकेको यस नगरपालिकालाई पूर्व सरसफाईमा अघि बढाउने र बजार विस्तार भइरहेका र अन्य आवश्यक स्थानमा थप सार्वजनिक सौचालय निर्माण गर्ने साथै न.पा.को वडा नं.३ लाई पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्न पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१३.**

नगरक्षेत्र भित्र कार्यरत गै.स.स. हरूको चालु तथा आगामी वर्षका कार्यक्रमहरू अनुमोदन गर्ने र विभिन्न गै.स.स. का कार्यक्रमहरू एकद्वार प्रणालीबाट सञ्चालन गर्ने गराउने निर्णय गरीयो ।

**निर्णय नं.१४.**

नगरपालिकाको चालु आ.व. २०७१/०७२ को संशोधित कार्यक्रम तथा वजेट अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१५.**

साविक गा.वि.स.बाट हस्तान्तरण भई आएका चल अचल सम्पतीको विवरण अनुमोदन गर्ने निणय गरीयो ।

**निर्णय नं.१६.**

दुल्लू नगरपालिकाको गत आ.व.को साविक गाविसहरू समेतको एकीकृत अन्तिम लेखापरीक्षण प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१७.**

नगरस्तरीय राजश्व परामर्श समितिको मिति २०७१/०९/२१ को सिफारिस अनुसार आ.व. २०७२/०७३ का लागि प्रस्तावित कर, सेवा शुल्क र दस्तुरका दर रेटहरू अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१८.**

नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न आ.व. २०७२/०७३ देखि एकीकृत सम्पती कर लगाउने र सो को लागि आवश्यक तयारीका लागि नगरपालिका बोर्डलाई अधिकार दिने निर्णय गरीयो ।

**निर्णय नं.१९.**

नगरपालिकाको गत नगर परिषद् पश्चात सञ्चालित कार्यक्रम तथा योजनाहरूको नगरस्तरीय सुपरीवेक्षण तथा अनुगमन समिति एवम् जाँचपास तथा फरफारक समितिले पेश गरेका निर्णय तथा प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२०.**

यस दुल्लु नगरपालिकामा कार्यरत अस्थायी कर्मचारीलाई अर्को व्यवस्था नभएसम्म सोही पद र सेवामा निरन्तरता दिन नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो

**निर्णय नं.२१.**

दुल्लू नगरपालिकाको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत दरबन्दी वमोजिम देहायका दरवन्दी र पदहरूको देहाय (अनुसूची १) बमोजिमको सांगठनिक संरचना स्वीकृत गर्ने र आन्तरिक स्रोत साधन तथा आवश्यकताका अनुसार पदपूर्ती समिति मार्फत पदपूर्ती प्रक्रिया अघि बढाउन नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरीयो ।

**निर्णय नं. २२.**

यस नगरपालिकामा आवश्यकता अनुसार देहायबमोजिमका पदहरू सेवा करार लिने गरी स्वीकृत गर्ने र आवश्यकता परेका खण्डमा करारमा लिनका लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

**तपशील**

१. सवारीचालक - २ जना
२. कार्यालय सहयोगी (वडा कार्यालयका लागि ३ समेत गरी) जम्मा ५ जना
३. अमिन - १ (एक)
४. अन्य अवश्यक पद

**निर्णय नं. २३.**

यस दुल्लू नगरपालिका कायार्लयले कार्यशाला गोष्ठीबाट स्थानीय जोखिम व्यवस्थान योजना तर्जुमा निर्देशिका २०६८ को दफा १.२ अनुसार गठन गरेको देहायअनुसारको विपद् जोखिम व्यवस्थापन समिति अनुमोदन गर्ने निर्णय गरीयो (**अनुसूची ३**) ।

**निर्णय नं.२४.**

यस न.पा. क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरुका कार्यक्रमहरू नगरपालिकाका सवै वडाहरूमा बिस्तार गरिदिनहुन अनुरोध गर्ने निर्णय गरीयो ।

**तपशिल**

१. वहुसरोकारवाला वन कार्यक्रम
२. जलवायु परिवर्तन सहयोग कार्यक्रम
३. सेभ द चिल्ड्रेन
४. जलस्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास, स्वीस  इन्टर को ओपरेशन ।
५. USAID किसान परियोजना
६. खाद्य सुरक्षा कार्यक्रम

**निर्णय नं.२५.**

यस न.पा.मा देहायका योजना निर्माणका लागि देहायका संघ संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

१. जल उपयोग गूरू योजना  र नगर योजना निर्माण ( WARMP तथा लिङ्क हेल्भेटास ।
२. नगर अनुकुल योजना ( NCCSP
३. नगर विपद् जोखिम न्यनीकरण योजना (MDRMP)- NCCSP / SEWAK Dailekh

**निर्णय नं.२६.**

यस न.पा.को व्यवस्थित औद्योगिक क्षेत्र निर्माणका लागि देहायका स्थानलाई औद्योगिक ग्रामको रूपमा छनौट गरी आवश्यक अध्ययन अनुसन्धान र स्थापनाका लागि उद्योग मन्त्रालयमा माग गर्ने निर्णय गरीयो ।

**तपशिल**

१.लुडाहा रिमे भैरव सा.व.उ.स.को हक भोगमा रहेको दुल्लू ८ को डाँडाखाली वन क्षेत्र
२.दुधेमालिका सा.व.उ.स. वनको स्वामित्वमा रहेको वडा नं.२ को वडा पोखरा
३.गाइखुरे वडा नं. ६
४.वडा नं.१० को पाचिला

**निर्णय नं.२७.**

नेपाल सरकारबाट प्राप्त हुने जगेडा कोष अन्तर्गत सञ्चालन हुने आयोजनाहरू यस प्रकार निर्णय गरीयो ।

१. नगर भित्रको सडकलाई नियमित सुचारु गर्नका लागि स्क्याभेटर खरीद ८० लाख
२. चाँदनीचौक - शान्तीवजार - धुलेगल्बा सडक स्तर उन्नती रु.७५ लाख

२.	छिउडी - बस्नेपाटी - तल्लोडुङ्गेश्वर स्तर उन्नती रु.७० लाख

३.	शान्तीवजार - पिपलधारी सडक स्तर उन्नती रु.७५ लाख

**निर्णय नं.२८.**

सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरू देहायबमोजिम निर्णय गरियो ।

१.	घियातिदु - भूवाटाकुरा - गडाज्यूला क्रमागत सडक

२.	शान्तीवजार - वारतडी सडक

३.	शान्तीवजार - पातीकान्ला - वारतडी सडक

४.	छिउडी - बस्नेपाटी - तल्लो डुङ्गेश्वर क्रमागत सडक

**निर्णय नं.२९**

दुल्लू नगरपालिका अन्तरगतको तल्लोडुङ्गेश्वर - दुल्लू - डाँडीमाडी सडक कालोपत्रे गरिदिनहुन सम्वन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३०.**

दैलेख जिल्लामा हालसम्म हवाइ मैदान नभएकोले दुल्लू नगरपालिका वडा नं. ५ मा हवाई मैदान निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३१.**

नगरपालिका वडा नं. ५र ७ मा उपयुक्त स्थानमा सभाहल निर्माण गर्नका लागि शहरी विकास भवन निर्माण डिभिजन र अन्य निकायमा माग गर्ने निर्णय गरीयो ।

**निणैय नं.३२..**

यस नगरपालिकाको देहायको स्थानमा झोलुङ्गे पूल निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**तपशील**

१.	घट्टेखोला झोलुङ्गे पुल निर्माण वडा नं.१ र ५

२.	मुनेतडा कालावालुवा, अछाम, रहफ झोलुङ्गे पुल निर्माण वडा नं. ३

३.	लामादुवाला, अछाम झोलुङ्गे पुल निर्माण वडा नं.३

४.	द्धारखोला झोलुङ्गे पुल निर्माण वडा नं. ५ र ६

५.	उनेखोाला झोलुङ्गे पुल निर्माण वडा नं.६

६.	लयापाटा ठूलाखोला झोलुङ्गे पुल निर्माण वडा नं.१ र ५

**निर्णय नं.३३.**

यस दुल्लू नगरपालिका भित्रका तपसिलका उल्लेखित स्थानहरूको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको स्थानमा ल्यान्डफिल्ड साइड निर्माण गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य निकायमा माग गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. डाडाखाली लुडाहा वडा नं. ८

२. लम्जी नाउलीचौर वडा नं.१०

३. गाइखुरे द्धारखोल वडा नं.१-५

**निर्णय नं. ३४.**

दुल्लू नगरापालिका वडा नं.७ मा रहेको नेपाली भाषाको पहिलो शिलालेख ,कीर्तिखम्ब, वीरखम्बहरू, धर्मगद्धी, पटाङ्गिनी देवल र वडा नं. ५ को पाथरनाउली क्षेत्रलाई आवश्यक जग्गा अधिग्रहण गरी संरक्षण सम्वन्धि आवश्यक कार्य गरिदिनहुन पुरातत्व विभागमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं.३५.**

दुल्लू नगरपालिका अन्तर्गत देहायका वडाहरूमा रहेको विभिन्न खानेपानी निमार्ण गरिदिनहुन सम्बन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. बजाड मुहान खा.पा. योजना वडा नं. १

२. गैरीधारा खा.पा. योजना वडा नं. २

३. भण्डारीगाउँ खानेपानी योजना विस्तार दु.न.पा.४

४. छहरेखोला धुलेश्वर खा.पा. लिफ्टिङ्ग योजना वडा नं.८

५. ठुल्धारा खा.पा. योजना वडा नं. ७

६. उनीखोला खा.पा. निर्माण वडा नं. ६

७. खराया खेतगाउ खानेपानी निर्माण वडा नं.७

८. झाउडे आटी खा.पा. योजना निर्माण वडा नं.५

९. नाव खा.पा. र पैयाँपानी खा.पा. योजना, वडा नं. ९

१०. वाणगंगा खानेपानी निर्माण वडा नं. १०

११. साउनेपानी खानेपानी निर्माण, वडा नं. १०

१२. राइगाडा पौवा खा.पा. योजना लिफ्टिङ्ग योजना वडा नं.८

१३. अधेरीखोला खानेपानी योजना निर्माण वडा नं.६.

**निर्णय नं.३६.**

यस नगरपालिका अन्तर्गत साविक नेपा, पादुका र वडलम्जी गाविसमा रहेका खानेपानी मूल सुधार तथा योजना जलउपयोग गुरुयोजना अनुसार निर्माण गरिदिनका लागि जलस्रोत व्यवस्थापन कार्यक्रम ९ध्च्:ए( ज्मीख्मत्व्क० सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३७.**

दुल्लू नगरपालिकामा खानेपानी सेवा उपलब्ध गराउन तपसिलका मुहानहरू दुल्लू न.पा.को नाममा दर्ता गर्ने प्रक्रिया अगाडी बढाउने र उल्लेखित खा.पा.योजना कार्यान्वयनका

लागि आवश्यक आर्थिक एवंम अन्य सहयोग गरिदिनहुन खानेपानी संस्थान त्रिपुरेश्वर काठमााण्डौमा प्रस्ताव पेश गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. ठूलोखोला मूहान वडा नं.१
२. गाईखुरे खोला मुहान वडा नं.५ र ६
३. दल्मधारा मुहान वडा नं. ८
४. सानीमुग्राह मुहान वडा नं. ८

**निर्णय नं. ३८.**

यस दुल्लू नगरपालिका को वडा स्तरबाटै सेवाप्रवाह गर्न संयुक्त वडा कार्यालय भवन निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं.३९.**

नगरपालिका क्षेत्र भित्रको साार्वजनिक, ऐलानी प्रति जग्गाको लगतसंकलन कार्य पूरा नभइसकेकोले पूर्ण विवरण पछी पठाउने गरी देहायवमोजिमका स्थानहरूलाई “खुलाक्षेत्र” का रूपमा छनौट गर्ने र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा जानकारी पठाउने निर्णय गरीयो ।

**तपसिल**

१. वडा नं. १ तल्लोडुङ्गेश्वर
२. वडा नं.२ वडापोखरा खाल
३. वडा नं.३ ओखलढुङ्गा वाहुनपाली, भदेचौर नारिकामूल
४. वडा नं. ४ तेलपोखिया
५. वडा नं.५ चाखावाडी लेक
६. वडा नं.६. पुसाकोट डाडा बस्नेपाटी
७. वडा नं.७. पटाङ्गिनी चौर
८. वडा नं.८ चैतन्याटाकुरा, सिकिनडाडा
९. वडा नं. ९. थापाथली
१०. वडा नं.१० पाचिलाचौर

**निर्णय नं. ४०.**

तपसिलका उल्लेखित सिचाई तथा तटवन्धनसंग सम्बन्धित योजनाहरू निर्माण गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी निकायमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**क. सिचाई तर्फ**

१. सिरसान हासुले सिचाई योजना दु.न.पा.७
२. नारीकामूल सिचाई योजना दु.न.पा.३
३. वाग्दुला भण्डारा सिचाई योजना दु.न.पा. १
४. गिठ्ठीखोला काप्री सिचाई योजना दु.न.पा.२

५. घट्टेखाला सिचाई योजना दु.न.पा.४
६. तोरायाखोला सियाला सिचाई योजना दु.न.पा.३
७. पातलखोला गाडखेत सिचाई योजना दु.न.पा.
८. वजेडा सिचाई योजना दु.न.पा. ४
९. वारतडी बृहत सिचाई योजना दु.न.पा.१,४ र ५
१०. घट्टगाड आमखेत त्रिगाला सिचाई योजना दु.न.पा.५
११. घरखेत सिचाई योजना दु.न.पा.५
१२. गाईखुरे सिरूकाना सिचाई योजना दु.न.पा.६
१३. कालाखोला कालाहम सिचाई योजना दु.न.पा.५
१४. टिमुरेखोला तिनतला सिचाई योजना दु.न.पा.८
१५. गडाज्यूला सिचाई कुलो दु.न.पा.१
१६. चोक्टेखाल सिचाई पोखरी निर्माण दु.न.पा.४
१७. पहाडीखेत सिचाई पोखरी निर्माण दु.न.पा. ४

## ख. तटवन्धन तर्फ

१. इग्रेन बाग्खोर तटवन्धन निर्माण वडा नं.३
२. वडादेउ खेतगाउ तटवन्धन निर्माण दु.न.पा.७
३. लामासाज  ढाडखेत भचण्डारीखेत तटवन्धन निर्माण दु.न.पा.वडा नं.३
४. हेराउढुङ्गा वानदेउ तटवन्धन, पक्की पर्खाल दु.न.पा.वडा नं.४
५. सुनडुङ्गी गावुखोला पहिरो नियन्त्रण दु.न.पा.वडा नं.३
६. गडाज्यूला नदी नियन्त्रण योजना दु.न.पा.वडा नं.१०
७. ढाक कल्लेखेत हाडेचौर तटवन्धन दु.न.पा.वडा नं.८
८. वाणगंगा पहिरो नियन्त्रण दु.न.पा.वडा नं.१०
९. तल्लोडुङ्गेश्वर खेतीखोला लोहोरेखोला नदी नियन्त्रण १
१०. तरियाखेला सिमखाडा पहिरोनियन्त्रण २
११. सोतखोला गाईखोर तटवन्धन योजना ६
१२. घट्टेखोला ठुलाखोला डाव तटवन्धन

**निर्णय नं.४१.**

दुल्लू न.पाबाट सञ्चालित योजना तथा कार्यक्रमको स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १२३ वमोजिम  जाँचपास तथा फरफारक कार्यलाई सहजता प्रदान गर्न देहायवमोजिमका पदाधिकारीहरू रहने  जाँचपास तथा फरफारक समिति गठन गर्ने निणर्य गरीयो ।

**तपसिल**

१. कार्यकारी  अधिकृत - संयोजक

२.	योजना शाखा प्रमुख - सदस्य

३.	आ.प्र. शाखा प्रमुख - सदस्य

४.	सम्वन्धित वडाको वडा सचिव - सदस्य

५.	सम्बन्धित योजनाको  साइट इन्चार्ज - स.सचिव

**निणर्य नं. ४२.**

यस नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनका आधारमा पुरस्कृत गर्दै जाने नीति अनुरुप वर्षको उत्कृष्ट कर्मचारीको रूपमा नगरपालिका कार्यालयका कार्यालय सहयोगी मञ्जु कुमारी नेपालीलाई पुरस्कृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं.४३.**

दुल्लू नगरपालिकाबाट सञ्चालित ठूला आयोजनाहरूको मर्मत सम्भारका लागि आर्थिक प्रशासन नियमावलीको नियम ५५ को खण्ड ग वमोजिम मर्मत सम्भार विशेष कोष खडा गर्ने र उक्त कोषमा  कार्यान्वयनमा आउने ठुला पूर्वाधारजन्य योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी जम्मा गरेर नियमानुसार मर्मत सम्भार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.४४.**

दुल्लू नगरपालिका खुला दिशामुक्त घोषणा अभियान र यस नगरपरिषद्मा सम्बन्धित कार्यमा  न्यून कर्मचारीका वावजुद् अतिरिक्त समयमा खटीएर  काम गरेवापत  यस न.पा. कार्यालयका कार्यरत स्थायी तथा अस्थायी सम्पूर्ण कर्मचारीहरूलाई एक महिना बराबरको सुरू तलव  स्केल वमोजिमको रकम प्रोत्साहन स्वरूप  उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ४५.**

यस नगरपालिकामा कार्यरत श्रेणीविहिन कर्मचारी बाहेक अस्थायी कर्मचारीहरूलाई यही २०७१ साल पौष १ गते देखि लागू हुने गरी स्थानीय भत्ता नेपाल सरकारको नियमानुसार उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ४६.**

यस नगरपालिकामा बस्ती स्तरबाट माग भई आएका देहायका सिँचाई योजनाहरू सिँचाई मन्त्रालय, सिाचाई  डिभिजन कार्यालयमा र अन्य सम्बन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. गडाज्यूला सिचाई कुलो निर्माण दु.न.पा. १०
२. झिरताला सिचाई योजना दु.न.पा.वडा नं. ७
३. तरयाखोला चोतावारी सिचाइ योजना वडा नं.२
४. राल्याखोला अमेन सिचाई पोखरी योजना वडा नं.३
५. घट्टेखोला मेहेलसैनी ज्यामिरकाटीया सिचाई पोखरी योजना वडा नं.

६. गाड खेत पातलपाटा भण्डारीखेत सिचाई योजना वडा नं.३

७. गिठीगैरा सिचाई योजना वडा नं.

८. चोरपानी सिचाई योजना वडा नं.६

९. सुफियाखेत ठूलोकुलो सिचाई योजना वडा नं.६

१०. सिस्ने पुसाकोट माजवाडा सिचाई योजना वडा नं.६

११. लयाटा छियातला सिचाई योजना वडा नं.१०

१२. काप्रालखेत सिचाई योजना वडा नं. १०

१३. दाडिमे सिचाई योजना वडा नं. १०

१४. भवानीथान सिचाइ कुलो गिठागैरा तल्लीपाउ दु.न.पा.४

**निर्णय नं.४७.**

यस नगरपालिकामा शहरी पूर्वाधार संग सम्बन्धित निम्न योजनाहरू सञ्चालन गर्नका लागि शहरी विकास मन्त्रालय र अन्य सम्बन्धित निकायमा माग गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. गडी जग्गा विकास योजना वडा नं.८

२. नगरपालिकाको सभा हल तथा अतिथिगृह निर्माण

३. वसपार्क निर्माण (दु.न.पा. ८ को पागडी खाल र थापाथली)

४. फलाटेघारी वडा नं. ८ र चाखावारीमा खेल मैदान निर्माण

५. पशु बधशाला निर्माण

६. द्रोणाचल क्याम्पस पर्खाल र भवन निर्माण

७. दुल्लू क्याम्पस भवन निर्माण

८. धुलेश्वर वहुमुखी क्याम्पस पूर्वाधारका लागि भवन निर्माण

९. उपस्वास्थ्यचौकी स्तरउन्नती तथा भवन निर्माण छिउडी

१०. महेन्द्र जयदेवी मा.वि.लाई उ.मा.वि. पूर्वाधार छिउडीपुसाकोट

११. सामुदायिक भवन निर्माण छिउडी वजार

**निर्णय नं.४८.**

धुलेश्वर मन्दिर परिसरमा साँस्कृतिक पार्क निर्माण र वडा नं.४ मा को वारतडी, वडा नं.६ को गाइखुरे वडा नं.१० को चगत्रामा पिकनिक स्पोर्ट निर्माण तथा दुल्लू नगरपालिकाको सिद्धस्थली र बडापोखरामा भ्यू टावर निमार्णका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं.४९.**

यस न.पा.मा रहेका देहायका ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धनको लागि पर्यटन तथा सास्कृतिक मन्त्रालय पुरातत्व विभागमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**तपसिल**

१. चगत्रादेखि वाणगंगा पञ्चदेवल पर्यटकीय सडक निमार्ण दु.न.पा.१०
२. पञ्चदेवल संरक्षण तल्लीपाउ दु.न.पा.४
३. वाणगंगा मन्दिर संरक्षण दु.न.पा.१०
४. मष्टामन्दिर संरक्षण खेतगाउ दु.न.पा.७
५. कीर्तिखम्ब संरक्षण दु.न.पा.७
६. प्रथम नेपाली भाषाको शीलालेख दु.न.पा.७
७. स्थान दु.न.पा.९
८. तल्लो डुङ्गेश्वर दु.न.पा.१
९. धुलेश्वर मन्दिर दु.न.पा.८
१०. स्वामी कार्तिकेय दु.न.पा.३
११. जसपाउ थापाको अभिलेख र पौवा घर दु.न.पा.८
१२. पञ्चदेवल लम्जी दु.न.पा.१०
१३. पञ्चदेवल /देवल संरक्षण दु.न.पा.७
१४. पाथरनाउली दु.न.पा.५
१५. सिद्धस्थली दु.न.पा.५
१६. तियाडीस्थान दु.न.पा.३
१७. माईभगवती मन्दिर दु.न.पा. ५
१८. पञ्देवल संरक्षण कोइरालागाउ दु.न.पा.१०
१९. कालिका भगवति विजया मन्दिर दु.न.पा.७
२०. बालेश्वर मन्दिर पुनर्निर्माण दु.न.पा.८
२१. देउती वज्यैका मन्दिर विभिन्न स्थानमा रहेको
२२. कपुरनाउली, भुमेस्थान धारा उत्खनन र संरक्षण दु.न.पा.५
२३. व्रह्मकुण्ड दु.न.पा.८
२४. त्रिपण्डी गल्लापानी दुल्लू १०
२५. भैरव मन्दिर दुल्लू ३,४ र १०
२६. मष्टामन्दिर संरक्षण दु.न.पा.३
२७. गाइखुर, राहिल संरक्षण दु.न.पा.६
२८. रूमालस्थान मन्दिर संरक्षण दु.न.पा.६
२९. पुसाकोट बीरखम्ब संरक्षण दु.न.पा.६

**निर्णय नं.५०.**

यस दुल्लू नगरपालिका अन्तरगत वडा नं.८ मा रहेको साविक वडलम्जी गा.वि.स.को कार्यालय भवन वडा नं.१० का लागि पायक पर्ने भएकोले वडा कार्यालय लगायत अन्य सार्वजनिक प्रयोजनका लागि वडा नं.१० ले प्रयोग गर्ने गराउने निर्णय गरीयो ।

**निर्णय नं.५१.**

दुल्लू नगरपालिका अन्तर्गत देहायवमोजिमका बस्तीहरुमा ज्कभ क्तबथ सञ्चालनका लागि सस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय र अन्य सम्बन्धित निकायमा सहयोगका लागि माग गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. दुल्लू नगरपालिका वडा नं. १० लम्जी

२. दुल्लू नगरपालिका वडा नं. ७ खेतगाउँ

३. दुल्लू नगरपालिका वडा नं. ५ रनुखाना

**निर्णय नं.५२.**

सार्वजनिक निजी क्षेत्र साझेदारी प्रणालीलाई प्रोत्साहन र व्यवस्थित गर्न स्थानीय स्वायत्त शासन नियमावली को नियम २७३ (क) अनुसार देहाय वमोजिमको सार्वजनिक निजी क्षेत्र प्रर्वद्धन समिति गठन गर्ने निर्णय गरीयो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | कार्यकारी अधिकृत श्री दीपेन्द्रबहादुर शाही | - अध्यक्ष |
| २. | उ.वा.संघ अध्यक्ष श्री लक्ष्मीप्रसाद आचार्य | - सदस्य |
| ३. | नागरिक समाज प्रतिनिधी श्री सुमित्रा शाह | - सदस्य |
| ४. | विशेषज्ञ प्रतिनिधी डा. मधुसुदन गिरी | - सदस्य |
| ५. | श्री राजेन्द्रप्रसाद अधिकारी | - सदस्य सचिव |

**निर्णय नं. ५३.**

यस दुल्लू नगरपालिकाको १ नगर १ उत्पादन नीति अन्तर्गत यस नगरपालिकालाई सुन्तला तथा सिट्रस वर्गका फलफूलहरुको नमूना उत्पादनहरुको लागि आवश्यक प्राविधिक तथा अन्य सहयोगका लागि सम्बन्धित निकायभ अवश्यक पहल गर्ने निर्णय गरीयो । साथै सुन्तला बाली विकास केन्द्र स्थापनाका लागि कृषि मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.५४.**

यस दुल्लू नगरपालिका वडा नं. ७ मा रहेको यस श्री विजया उच्च माध्यमिक विद्यालय दुल्लूमा विज्ञान, कृषि विज्ञान, वाणिज्य, शिक्षा, शिक्षा विज्ञान तथा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भइरहेकोले भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, कृषि विज्ञानको ५ कोठे प्रयोगशाला भवन र विद्यालय हाता घेरवारका लागि सम्बन्धित निकायमा यथाशीघ्र पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५५.**

दुल्लू नगरपालिका अन्तर्गत श्री विजया उ.मा.वि. दुल्लूमा कम्प्यूटर प्रविधिसंग सम्बन्धित सम्पूर्ण सुविधायुक्त ऋाफउगतभच ीबद निमार्णका लागि विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय लगायतका निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५६.**

तत्कालीन द्वन्द्वका क्रममा माओवादी पक्षबाट ऐतिहासिक दुल्लू दरवार पुर्ण रुपमा ध्वस्त पारिएकाले सो दरवारको पुनः निर्माणका लागि शान्ती तथा पुनर्निमाण मन्त्रालयमा आवश्यक पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५७.**

दुल्लू नगरपालिका वडा नं. ८ स्थित ऐतिहासिक तथा पुरातात्विक प्राचीन जसपाउ थापा द्वारा निर्मित पौवा दरवारलाई संरक्षण तथा मर्मत सम्भार गरी दुल्लू सङ्ग्रहालयको स्थापना र विकास गर्न राष्ट्रिय पुरातत्व विभाग लगायतका सम्बन्धित निकायहरुमा पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५८.**

दुल्लू नगरपालिकाका विभिन्न विषयगत योजना र आवधिक तथा दिर्घकालिन गुरुयोजना निर्माण गर्नका लागि आवश्यक यथार्थ तथ्याङ्क सहितको नगर प्रोफाइल (पार्श्व चित्र) अति अति आवश्यक भएकोले चालु आ.व.०७१/०७२ मा निर्माण गर्ने निर्णय गरीयो ।

**निर्णय नं.५९.**

यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुलाई समेट्ने गरी देहाय वमोजिमका सडक नगर यातायात गुरु योजनामा समावेश गर्न र निर्माण तथा स्तर उन्नती गर्नका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरीयो ।

१. खेतगाउँ पातलपाटा सडक निर्माण

२.चादनीचौक डाडाआवत मौरीकोट हुदै तियाडीस्थान सडक स्तरोन्नती

३.ढुङ्गेआवत स्याउलेकाँध सडक निर्माण

४.पञ्चकोशी तिर्थस्थल रिङ रोड निर्माण ( पादुका, धुलेश्वर, नाविस्थान, श्रीस्थान, तल्लो डुङ्गेश्वर)

५. शान्तीवजार दुधेमालिका वडापोखरा सडक निर्माण

६.ठकुरीवाडा खेतगाँउ, तल्लीपाउ पाली सडक निर्माण

७.दुवारीचाखा, पाप्रीखाल, रोकायावाडा, रनुखाना सातखम्ब सडक निर्माण

८.छिउडी वजार देखि कालभैरव सडक निर्माण

९. डाडीमाडी गोडथान गडाज्यूला सडक निर्माण

१०. शान्तीवजार भलायाकाटिया रिकिया सडक निर्माण

**निर्णय नं.६०.**

यस नगरपालिकाबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याकन गर्नका लागि स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २३(क) बमोजिम गत नगरपरिषद्मा गठन भएको सुपरीवेक्षण तथा अनुगमन समितिलाई नियमानुसार पूर्णता दिई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.६१.**

यस दुल्लू नगरपालिकामा भू-उपयोग, आन्तारिक आय संकलन, वातावरण संरक्षण, पर्यटन तथा सांस्कृतिक प्रर्वद्धन  लगयात विभिन्न कार्यमा सहयोग समन्वय र सहजीकरण गर्नका लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७३(ग) बमोजिमको स्थानीय निकाय संयुक्त समिति गठन गर्ने निर्णय गरीयो (**अनुसूची** ४) ।

**निर्णय नं.६२.**

यस नगरपालिकाको वडा नं. ८ मा सञ्चालनमा रहेको शहीद पूर्ण स्मृति सामुदायिक पुस्तकालयको भवन निर्माणका लागि शान्ति तथा पुनःर्निर्माण मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं.६३.**

यस दुल्लू नगरपालिका क्षेत्रभित्र वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुसार प्लाष्टिक प्रयोगमा प्रतिबन्ध लगाउने कार्य क्रमशः कडाइका साथ लागु गर्ने  निर्णय गरियो ।

**निर्णय नं.६४.**

यस नगरपालिकाको वडा नं. ७ मा रहेको पटाङ्गिनीमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कीर्तिखम्बको पुरानो भवन भएको जमिनमा वहुउद्धेश्यीय सामुदायिक भवन निर्माणका लागि राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं.६५.**

यस दुल्लू नगरपालिकामा सरकारी सेवा सुविधा सहज रुपमा उपलब्ध गराउनका लागि नापी कार्यालय र मालपोत कार्यालयको शाखा कार्यालय स्थापना गर्न सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.६६.**

यस नगरपालिकामा पुष्पलाल मध्यपहाडी लोकमार्ग र कर्णाली लोकमार्ग पर्ने र आकस्मिक सडक दुर्घटना हुँदा सुर्खेत नेपालगन्ज लिनुपर्ने बाध्यता भएकाले यात्रुहरुको आपत्कालिन उपचार र दुल्लू नगरपालिकाका  नागरिकहरुको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै विशेषज्ञ सेवा सहितको अस्पताल आवश्यक भएकाले लगानी बोर्ड मार्फत माथिल्लो कर्णाली जलविद्युत आयोजना लगायत

यस क्षेत्रमा निर्माणधिन आयोजनाहरुको सामाजिक उत्तरदायित्व कोषको सहयोगमा सम्बन्धित निकायमा आवश्यक पहल गरी ५० शैयाको सामुदायिक अस्पताल दुल्लू नगरपालिका क्षेत्रमा सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.६७.**

यस दुल्लू नगरपालिकामा आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षालय आवश्यक भएकाले विभिन्न निकायको सहयोगमा नगर शिक्षा योजना अनुरुप प्राविधिक तथा व्यावसायिक तालिम परिषद् र विभिन्न विश्व विद्यालयहरुको सम्बन्धनबाट सामुदायिक रुपमा प्राविधिक क्याम्पस सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.६८.**

तल्लोडुङ्गेश्वर-दुल्लू-पीपलकोट सडकको दुल्लू नगरपालिका क्षेत्र भित्रको खण्डको लेआउट परिबर्तन गरी बारतडी देखि सातखम्ब, घियातिदू, भुवाटाकुरा, गडाज्यूला हुदै आयरापाटा र तल्लोडुङ्गेश्वर-दुल्लू-डाँडीमाडी-सडकको शान्तीबजार देखि डााडाआवत, खेतगाउ, थापाथली घियातिदू सम्म लेआउट कायम गरिदिन हुन सडक विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६९.**

यस नगरपालिकाको दोस्रो नगरपरिषद्का प्रमुख अतिथि माननीय सभासदज्यू, विशेष अतिथिज्यूहरु, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु, अन्य अतिथिज्यूहरु, सम्पूर्ण उपस्थित नगरवासी महानुभावहरु यस नगरपरिषद्मा उपस्थित भई परिषद्को गरिमा बढाई दिनु भएकोमा तथा परिषद् सम्पन्न गर्न प्रत्यक्ष एवम् अ-प्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण माहनुभाव एवम् कर्मचारीहरुलाई धन्यवाद एवंम कृतज्ञता ज्ञापन गर्ने निर्ण य गरीयो ।